गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा, नेपाल

*स्वास्थ्य कार्यालय, पर्वतको*

# जनस्वास्थ्य बुलेटिन

वर्षः १ | अंकः १ | महिनाः १ | फाल्गुन २०८०

## दादुरा-रुवेला खोप अभियान २०८०/८१ सम्बन्धि जिल्ला स्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी


स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा यही मिति २०८० साल फागुन १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको दादुरा रुवेला खोप अभियान २०८०/८१ मा स्वास्थ्यकर्मीहरु (पर्वत जिल्लाका सातै वटा स्थानिय तहमा तिन ब्याच) को लागि जिल्ला स्तरिय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ । जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुवेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुवेला रोगको निवारण गर्ने र दादुरा रुवेला रोगको महामारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।






## दादुरा रुवेला खोप अभियान८०/८९को लागि खोप दिने स्वास्थ्कर्मीबीहरुको लागि पालिका स्तर अभिमुखिकरण गोष्ठी






## दादुरा -रुवेला खोप अभियान २०८०/०८१ सम्बन्धि जिल्ला खोप समन्वय समिति,सञ्चारकर्मि र सरोकारवाला सँग अभिमुखिरण एवं अन्तरक्रिया कार्यक्रम

मिती २०८०/११/१० गते स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा दादुरा रुवेला सम्बन्धी जिल्लाखोप समन्वय समिति, संचारकर्मी र सरोकारवालाहरुसंग अभिमुखिकरण एबं अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समिति प्रमुख श्री विष्णुराम वि.क को अध्यक्षतामा र प्रमूख जिल्ला अधिकारी श्री प्रेम प्रसाद आचार्यको विशिष्ट आतिथ्यमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रमुख, पर्वत अस्पताल व्यवस्थापन समितीका अध्यक्ष, मेडिकल सुपिटेन्डेन्ट, पर्वत जिल्लाका संचारकर्मीहरु लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो।










## दादुरा रुवेला खोप अभियान २०८०/८१

पर्वत जिल्ला खोप समन्वय समितिको आयोजनामा राष्ट्रिय दादुरा रुबेला खोप अभियान २०८०/८१ को जिल्ला खोप समन्वय समितिका अध्यक्ष श्री विष्णुराम वि क ज्यू को अध्यक्षतामा , फलेबासनगरपालिकाका नगरप्रमूख श्री गंगाधर तिवारी ज्यू को आतिथ्यमा शुभारंभ भएको छ । यसरी नै मिति २०८० फाल्गुन १३ गते बाट जिल्लाका विभिन्न खोप केन्द्रमा दादुरा रुबेला विरुद्ध खोप अभियान शुरु भएको छ ।










साथै मिती २०८० फाल्गुन २१ गते राष्ट्रिय दादुरा रुबेला खोप अभियान २०८०/८१ को पर्वत जिल्लाको दोस्रो चरणको खोप शुभारंभ कार्यक्रम मोदी गाउँपालिका अध्यक्ष हिरा देवी शर्मा ज्यू को अध्यक्षतामा , जिल्ला खोप समन्वय समितिका अध्यक्ष श्री विष्णुराम वि.क ज्यू को प्रमूख आतिथ्यता तथा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश र स्वास्थ्य कार्यालय पर्वतका आदरणीय व्यक्तित्वहरुको उपस्थितीमा शुभारंभ भएको थियो ।






**जिल्लालाई यस वर्ष ९ महिना देखि ५ वर्ष मुनिका बालबालिकाको लक्षित जनसंख्या ६६३८ प्राप्त भएकोमा यस दादुरा रुवेला खोप अभियानमा हालसम्म ७०५० जना बालबालिकालाई खोप लगाई १०६% प्रगति हासिल गरिएको छ**










## पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषणा कार्यक्रम कार्यान्वयनको लागि महिला स्वास्थ्य स्वयंसेविकाका लागि २ दिने तालिम

पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण अभियान कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम" को लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम सम्पन्न भएको छ ।हाल सम्म पर्वत जिल्लामा सम्पूर्ण स्थानीय तहका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि तालिम सम्पन्न भईसकेको छ ।











## नयाँ विस्तारित हुने स्वास्थ्य सँस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि DHIS-2/HMIS तालिम

मिती २०८०-११-२३ देखि २०८०-११-२५: स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा तथा स्वास्थ्य कार्यालय पर्वत र पैंयू गाउँपालिकाको सहकार्यमा नयाँ विस्तारित हुने स्वास्थ्य सँस्थामा कार्यरत स्वास्थ्यकर्मीकोलागि DHIS 2/HMIS सम्बन्धि तालिम कार्यक्रम स्वास्थ्य निर्देशनालयका नि.महानिर्देशक श्री हेमन्त शर्मा पौडेलको अध्यक्षतामा, पैंयू गाउँपालिका अध्यक्ष तोरण मल्ल ठकुरी , उपाध्यक्ष याम कुमारी राना को प्रमूख आतिथ्यता सम्पन्न भएको छ। कार्यक्रममा समाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट जनस्वास्थ्य प्रश्स्सक सुरज गुरौ, स्वास्थ्य निर्देशनालयबाट स्वास्थ्य प्रशासक डा.रोशन ढकाल , चित्रकला अधिकृत होग्रेथ भुर्तेल, तथ्याङ्क अधिकृत प्रविण भण्डारीको विशेष उपस्थितिका साथै महाशिला, पैंयू र विहादी गाउँपालिका बाट ३० जना स्वास्थ्यकर्मीहरु को सक्रिय सहभागिता रहेको थियो।






## Morbidity Management Mapping and Disability Prevention को जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण

स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिती २०८०-१०-२५ गते Morbidity Management Mapping and Disability Prevention को जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण पर्वत अस्पताल कुश्माको मे.सु डा.हेमन्त बास्तोला, स्वास्थ्य निर्देशनालयका कार्यक्रम फोकल व्यक्ति सुशीला कार्की, इ.डी.सी.डी बाट राम कुमार महतले गर्नु भएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालय पर्वतको कार्यक्रम फोकल व्यक्ति तेज प्रसाद सुबेदीले गर्नु भएको थियो। कार्यक्रममा जम्मा २२ जनाको सहभागिता रहेको थियो ।






## खानेपानीको मुहान परिक्षण

खानेपानी गुणस्तर निगरानी कार्यक्रम अन्तर्गत स्वस्थ्य कार्यलय पर्वत द्वारा जिल्लाको फलेवास न.पा. र बिहादी गा.पा स्थित विभिन्न खानेपानी आयोजनाहरुको खानेपानीको नमुनाहरु संकलन गरि उक्त खानेपानी नमुनाहरुको गुणस्तर परिक्षण गरिएको छ।फाल्गुन महिनामा पहिलो चरणमा ११ विभिन्न खानेपानी मुहानहरुको कुल ३३ नमूनाहरुको जांच गरिएकोमा ५ नमूना हरुमा दिशा जन्य जीवाणु विभिन्न मात्रामा र केही नमूनाहरुमा समन्य धमिलोपन भेटिएको थियो। साथै जिल्लाको दक्षिण भेगमा रहेका खानेपानीको नमुनाहरु चैत्र दोस्रो हप्ता सम्म परिक्षण गर्ने योजना रहेको छ।





## स्वास्थ्य स्वयंसेविका भत्ता

स्वास्थ्य कार्यालय पर्वतको आ.ब. २०८०/०८१ को प्रदेश समानीकरण तर्फको "स्वास्थ्य स्वयंसेविका भत्ता" कार्यक्रम अन्तर्गतको पर्वत जिल्ला भित्र चालु आ.व २०८०/८१ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाइ वार्षिक प्रोत्साहन भत्ता स्वरुप प्रति स्वंयसेविका रु ६००० का दरले प्रोत्साहन रकम उपलब्ध गराउने प्रावधान रहेको र सम्पुर्ण स्थानिय तहसगँ विवरण माग गरि महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको नामावली र बैंक खात नम्वर प्राप्त गरी Electronic Funds Transfer मार्फत सम्बन्धित व्याक्तिको बैंक खातामा भत्ता उपलब्ध गराईएको छ। जिल्लामा ५०० जना महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरु रहेकोमा यस फाल्गुन महिनामा विहादी, पैंयू, महाशिला, जलजला गाउँपालिका र फलेवास नगरपालिका अन्तर्गतका ३२६ जना स्वास्थ्य स्वयंसेविकाहरुलाई भुक्तानी गरिसकेको र मोदी गाउँपालिका र कुश्मा नगरपालिकाको स्वास्थ्य स्वयंसेविकाहरुलाई चैत्र महिनाको पहिलो हप्ता भुक्तानी गर्ने तयारी रहेको छ।खातामा जम्मा गरिएको रकम प्राप्त गरेको नगरेको एकिन गरि थप जानकारीको लागि यस कार्यालयकी पब्लिक हेल्थ नर्स सुमन शर्मालाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।





## अखाध्य रंग प्रयोग गरिएको रङ्गिन कटन क्यान्डी सम्बन्धि जरुरी सूचना

**अखाद्य रङ्ग प्रयोग गरिएको रङ्गिन कटन क्याण्डी सम्बन्धी जरुरी सूचना**

प्रकाशित मिति: २०८०।१०।०८

काठमाडौँका विभिन्न स्थानहरूका सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रूपमा बिक्री वितरण भइरहेको रङ्गिन कटन क्याण्डी (Cotton Candy) मा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने अखाद्य रङ्ग रोडामाइन बी को प्रयोग भएको यस विभागको प्रयोगशाला जाँच विश्लेषणबाट देखिन आएको हुँदा यस विभागबाट अनुज्ञा पत्र प्राप्त गरी लेबल लगाएका बाहेक खुल्ला रूपमा बिक्री वितरण गरिएको कटन क्यान्डीको उपभोग नगर्न तथा आफ्ना बालबालिकाहरूलाई समेत नदिनु हुन सम्पूर्ण उपभोक्ता वर्गमा विभाग अनुरोध गर्दछ ।

यसका साथै यस प्रकारको अखाद्य रङ्गको प्रयोग गरी कटन क्यान्डी उत्पादन तथा बिक्री वितरण नगर्न नगराउनु हुन सबैमा सूचित गरिन्छ । यस सूचनाको बरखिलाफ गरी उत्पादन तथा बिक्री वितरण गरेको पाइएमा खाद्य ऐन नियम बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल काठमाडौँ

www.dftqc.gov.np, email: info@dftqc.gov.np



**स्वास्थ्य कार्यालय बागलुङबाट सरुवा भई स्वास्थ्य कार्यालय पर्वतको कार्यालय प्रमुखको जिम्मेवारी पदमा आउनु भएका जनस्वास्थ्य अधिकृत श्री प्रविण शर्मा ज्यूलाई पर्वतमा हार्दिक स्वागत साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।**







## "दक्ष जनशक्ति, गुणस्तरीय स्वास्थ्य सेवा- निरोगी नेपाल निर्माण मा हाम्रो टेवा" स्वास्थ्य सेवा दिवस, २०८० को शुभकामना !




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं ।

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक-पटक ब्युँझने देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मस्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरूलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रमको चैत्र महिनाको सम्भावित कार्ययोजना:

| क.स | योजनामा रहेका कार्यक्रम | कार्यक्रम संयोजक |
|---|---|---|
| १ | स्वास्थ्य स्वयंसेविका भत्ता वितरण | सुमन शर्मा |
| २ | नर्सिङ कर्मचारीहरुका लागि अनसाइट कोचीङ | सुमन शर्मा |
| ३ | VCAT सम्बन्धि अभिमुखीकरण | सुमन शर्मा |
| ४ | पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण/अध्यावधिक | रामचन्द्र सुवेदी |
| ५ | खानेपानी सर्भिलेन्स तथा Water Safety Plan (WSP) सम्बन्धि अभिमुखीकरण | उज्वल तिवारी |
| ६ | खानेपानीको नमुना संकलन तथा परिक्षण | उज्वल तिवारी |
| ७ | गुणस्तरीय खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धन सम्वन्धि ४ दिने आधारभुत तालिम | जयन्द्रमान गुरुङ |
| ८ | गुणस्तरीय खोप सेवा संचालन सम्बन्धि सुक्ष्म योजना निर्माण अभिमुखीकरण | नारायण प्रसाद रेग्मी |
| ९ | स्वास्थ्य संस्थाहरुको अनुगमन तथा MSS Scoring | प्रकास गौतम |
| १० | मानसिक स्वास्थ्य सम्बन्धि तालिम | प्रकास गौतम |
| ११ | आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्दति BHS/STP  सम्बन्धि तालिम | प्रकास गौतम |
| १२ | पोषण पैरवी वैठक | तेज प्रसाद सुवेदी |
| १३ | IMNCI तालिम तथा समिक्षा | तेज प्रसाद सुवेदी |

| पर्वत जिल्लाका विभिन्न स्थानीय तह अन्तर्गत स्वास्थ्य शाखा तथा प्रमुखहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क.स | स्थानीय तहको नाम | स्वास्थ्य शाखा प्रमुखको नाम | इमेल | सम्पर्क न. | पालिकाको इमेल |
| १ | कुश्मा नगरपालिका | याम प्रसाद शर्मा | yamprashadsharma123@gmail.com | ९८५७६२३५०३ | kushmamun@gmail.com |
| २ | फलेवास नगरपालिका | रुद्र सापकोटा | rudradurlav@gmail.com | ९८५७६२१६३३ | phalewashnagarpalika@gmail.com |
| ३ | पैयुँ गाउँपालिका | देवी प्रसाद भुर्तेल | devibhurtel123@gmail.com | ९८५७६३०५१४ | paiyungapa@gmail.com |
| ४ | महाशिला गाउँपालिका | नर वहादुर वराल | baralnb82@gmail.com | ९८५७६४४१११ | mahashilagapa@gmail.com |
| ५ | विहादी गाउँपालिका | हरि प्रसाद भुसाल | hrbhusal@gmail.com | ९८६७१०३६९४ | bihadi.ruralmun@gmail.com |
| ६ | मोदि गाउँपालिका | उमेश कुमार अधिकारि | adhikariumeshkumar@gmail.com | ९८४६०६८२०५ | info@modimun.gov.np |
| ७ | जलजला गाउँपालिका | गोरे नेपाली | govinda8@gmail.com | ९८४७६२६५०६ | jaljalamunparbat@gmail.com |

